AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०८२ भाद्र ८ गते

श्री

एम्नेस्टी इन्टरनेसनल नेपालका सबै समूह र युथ नेटवर्कका संयोजक र सदस्यज्यूहरू,
व्यक्तिगत सदस्य र
चौंतिसौं साधारण सभाका प्रतिनिधिज्यूहरू,

**विषयः ३४ औं साधारण सभाको मिति र स्थानसम्बन्धी जानकारी।**

उपरोक्त सम्बन्धमा यही मिति २०८२ श्रावण २५ र २६ गते बसेको नेसनल बोर्ड बैठकले एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३४ औं साधारण सभा मिति २०८२ कार्तिक २१ र २२ गते (तदनुसार सन २०२५ को नोभेम्बर ०७ र ०८ तारिख) आयोजना गर्ने निर्णय** गरेको व्यहोरा यहाँहरू सबैलाई यसैसाथ अनुरोध छ। साथै उक्त साधारण सभा मधेश प्रदेशको बारा जिल्लामा आयोजना गरिने तय गरिएको पनि अनुरोध छ।

यस ३४ औं साधारण सभामा एम्नेस्टी नेपाल शाखाको **विधानको** दफा १० को उपदफा (१) र (२) बमोजिम मिति २०८२ भाद्र ०६ देखि ३१ गतेका बीच सम्पन्न हुने सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेलाहरूबाट दफा १० को उपदफा (४) बमोजिम चयन भएका १०० जना प्रतिनिधिको सहभागिता रहनेछ। साथै साधारण सभामा नेसनल बोर्डले आमन्त्रण गरेका अतिथि र पर्यवेक्षकहरूका साथै राष्ट्रिय सचिवालयका कर्मचारीहरूको पनि सहभागिता रहनेछ।

**प्रमुख मितिहरू**

- विधानसम्मत वैध अवस्थामा रहेका समूह र युथ नेटवर्कहरूले ३४ औं साधारण सभाका लागि राष्ट्रिय सचिवालयमा विधान संशोधन बाहेकका प्रस्ताव दर्ता गराउने अन्तिम मिति **२०८२ असोज ३१ गते (१७ अक्टोबर २०२५)।**
- विधानसम्मत वैध अवस्थामा रहेका समूह र युथ नेटवर्कहरूले साधारण सभाका लागि राष्ट्रिय सचिवालयमा विधान संशोधनसम्बन्धी प्रस्ताव दर्ता गराउने अन्तिम **मिति २०८२ असोज २१** गते (७ अक्टोबर २०२५)।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल